# तारकेश्वर नगरपालिका

# स्थानीय राजपत्र

## तारकेश्वर नगरपालिकाद्धारा प्रकाशित

खण्डः ०१ संख्याः ०१ मितिः

### भाग- २

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधान अनुसूची ८ को क्रमसंख्या ८ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम तारकेश्वर नगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## विपद् व्यवस्थापन निर्देशिका, २०७४

### प्रस्तावना

भुकम्प, भु-क्षय, बाढि पहिरो, आँधीवेरी, आगलागी, महामारी, हुरीबतास, सुख्खा, हिमपात, असिना आदि प्रकोपका रुप हुन । यस

प्रकारका घटनाहरु जुनसुकै समयमा पनि घट्न सक्ने भएकोले त्यसप्रति सचेत र पूर्व तयारी हुनु जरुरी छ । प्रकोपजन्य घटनाहरु घटन नदिन, घटनालाई न्यूनीकरण गर्न र घटना घटिहालेमा यसलाई तत्काल उचित व्यवस्थापनका लागि आवश्यक सतर्कता अपनाउनु जरुरी छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३३ (क) मा नगरपालिकाले विपत व्यवस्थापन कोष खडा गर्नसक्ने व्यवस्था गरिएको छ । यसै गरी नगरपालिकाहरुको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको सूचक ३८ मा विपद् व्यवस्थापन कोष खडा गरी सो कोषमा रकम जम्मा गरेको हुनुपर्ने व्यवस्था गरिएको छ । प्रकोपजन्य घटनाको व्यवस्थापनमा स्थानीय निकायहरुको भूमिका अहम् हुने भएकोले नगरपालिकामा पनि यस कार्यले प्राथमिकता पाउनु अपरिहार्य हुने भएकोले **तारकेश्वर** नगरपालिकाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को दफा २७६ ले दिएको अधिकार प्रयोग गरी **तारकेश्वर नगरपालिकाको विपद् व्यवस्थापन निर्देशिका, २०७४** तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

### १. सक्षिप्त नाम र प्रारम्भ :

(क) यस निर्देशिकाको नाम **तारकेश्वर नगरपालिकाको विपद् व्यवस्थापन निर्देशिका, २०७४** रहेको छ ।

(ख) यो निर्देशिका नगरपरिषद्बाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

## २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

१) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई सम्झनु पर्दछ ।

२) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ लाई सम्झनु पर्दछ ।

३) "आर्थिक नियम" भन्नाले स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ लाई सम्झनु पर्दछ ।

४) "कोष" भन्नाले स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४ को नियम ३३ (क) बमोजिम स्थापना भएको विपद् व्यवस्थापन विशेष कोषलाई सम्झनु पर्दछ। र सो शब्दले नगरपालिकाको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको सूचक नं. ३८ मा उल्लेखित विपद् व्यवस्थापन कोषलाई समेत जनाउने छ ।

५) "नगरपालिका" भन्नाले **तारकेश्वर** नगरपालिकालाई संझनु पर्दछ ।

६) “परिषद्” भन्नाले स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ७६ मा उल्लिखित नगर परिषद् भन्ने सम्झनु पर्दछ ।

७) “गा.पा.का.” भन्नाले गाँउ पालिका कार्यालय संझनु पर्दछ ।

८) “स्थानीय निकाय” भन्नाले नगरपालिकालाई सम्झनु पर्दछ ।

९) “समिति” भन्नाले विपद् व्यवस्थापन विशेष कोष सञ्चालनको लागि गठन गरिएको समिति सम्झनुपर्दछ ।

१०) “कर्मचारी” भन्नाले **तारकेश्वर** नगरपालिकामा कार्यरत कर्मचारी सम्झनु पर्दछ ।

११) “ प्रमुख प्रशासकिय अधिकृत” भन्नाल **तारकेश्वर** नगरपालिकाको कार्यालयमा कार्यरत अधिकृत वा सचिवलाई सम्झनु पर्दछ ।

१२) “मन्त्रालय” भन्नाले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई सम्झनु पर्दछ ।

१३) “संयोजक” भन्नाले कोष संचालन समितिका संयोजकलाई सम्झनु पर्दछ ।

१४) “सदस्य सचिव” भन्नाले कोष परिचालन समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ ।

१५)	“गैह्र सरकारी संस्था” भन्नाले जिल्ला प्रशासन कार्यालय लगायत नेपाल सरकारको विभिन्न निकायमा विधिवत रुपमा दर्ता भएका सामाजिक संस्थाहरुलाई सम्झनु पर्दछ ।

१६)	“पूर्वाधार” भन्नाले सडक, ढल, सडक पेटी, सार्वजनिक पार्क, रंगशाला, ल्याण्डफिल्ड साइड, सार्वजनिक शौचालय, सांस्कृति सम्पदाहरुलाई सम्झनुपर्दछ ।

१७)	“विपद्” भन्नाले प्राकृतिक, भौतिक, मानवीय वा अन्य कुनै कारणबाट आकस्मिक रुपमा घटित घटनाबाट आइपर्ने संकटको अवस्था र सोको कारणबाट हुन गएको घनजन, पशुपंक्षी, भूमि लगायत विभिन्न प्राकृतिक सम्पदाको क्षतिलाई सम्झनु पर्दछ ।

१८)	“मर्मत सम्भार” भन्नाले विपद्बाट क्षेतीग्रस्त भएका पूर्वाधार लगायतका अन्य क्षतिग्रस्त स्थानहरुको व्यवस्थित किसिमले नगरपालिका लगायत अन्य सरकारी तथा गैर सरकारी निकायले सम्पादन गरिने कार्य सम्झनु पर्दछ ।

## ३. निर्देशिकाको उद्देश्य

यस निर्देशिकाको प्रमुख उद्देश्य **तारकेश्वर** नगरपालिका भित्र आई पर्ने विपत्ति तथा विपद् जस्ता घटनाहरुको उचित व्यवस्थापन गर्नका लागि आवश्यक संरचना तयार पारी कार्यान्वयनमा लैजानु प्रमुख उद्देश्य हो । यसका अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. प्राकृतिक प्रकोपमा परेका जनताको तत्काल उद्धारका निम्ति सहयोग पुर्याउने,

२. राहतका निम्ति स्रोत साधनको व्यवस्था गर्ने,

३. वार्षिक रुपमा प्रकोप व्यवस्थापन लगायतका अन्य सम्भावित जोखिमहरुको विवरण तयार पारी जोखिमका आधारहरुको समाधान गर्ने कार्यक्रम तयार पार्ने,

४. वर्तमानमा प्राप्त लगानी वा थोरै मेहनतबाट भविष्यमा हुने ठूलो क्षातिबाट योजना तथा आयोजनाहरुलाई समयमा नै बचाउने,

५. प्राकृतिक प्रकोपमा परेकाहरुलाई राहत सामाग्री र आर्थिक सहायता उपलब्ध गराउने,

६. प्रकोपमा परेकाहरुलाई अस्थायी बासोवास र खानपिनको व्यवस्था गर्ने,

७. प्रकोपबाट क्षतिग्रस्त संरचनाको पुननिर्माण र मर्मत संभारमा सहयोग पुर्‍याउने,

८. सर्वसाधारण जनतालाई प्रकोपको रोकथाम र त्यसबाट बच्ने उपायहरुका सम्बन्धमा चेतना जगाउने उपायहरु अबलम्बन गर्ने ।

९. नगरक्षेत्र भित्र पिडित सेवाग्राहीहरुको सेवा प्रवाहमा सुनिश्चितता प्रदान गर्ने ।

१०. विस्थापितलाई पुन स्थापना गर्न सहयोग पुर्‍याउन,।

११. प्रकोप सम्बन्धी पर्याप्त जनचेतना जगाउने ।

## ४. निर्देशिकाको कार्य क्षेत्र र सीमा

विपद् व्यवस्थापन कार्यका लागि आवश्यक पर्ने व्यवस्थापकीय तथा संस्थागत पक्षलाई समेटिएको छ ।

**तारकेश्वर** नगरपालिकाको कार्यालयले आफ्नो प्रयोजनका लागि मात्र यो निर्देशिका बनाएको हुँदा यसको कार्य सीमा **तारकेश्वर** नगरपालिका क्षेत्रमा मात्र रहने छ । साथै यो निर्देशिका स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, स्थानीय निकाय आर्थिक

प्रशासन नियमावली, २०६४ का आधारमा तयार गरिएकोले अन्य स्थानीय निकायहरुलाई समेत मार्गदर्शक हुन सक्नेछ ।

**५. विपद्का कारणहरु**

विपद्का कारणहरु देहाय अनुसार रहेको पाइन्छः

१. गरिवी

२. असन्तुलित विकास

३. जनसख्या बृद्धि र प्राकृतिक स्रोतको बढी प्रयोग

४. तीव्र गतिमा अव्यवस्थित शहरीकरण

५. साँस्कृतिक द्वन्द

६. वातावरण विनास

७. विपद्का विषयमा जनचेतनाको कमी ।

## परिच्छेद –२

## विपद्उद्धार सम्बन्धी व्यवस्था

**६. नीति**

७. **तारकेश्वर** नगरपालिकाबाट खास गरी विपद्बाट सिर्जित प्रभाब र असरलाई न्यूनीकरण गरी सम्भावित जोखिमहरुलाई समयमा नै पहिचान गर्ने नीति अवलम्बन गरिनेछ ।

## ८. रणनीति

**तारकेश्वर** नगरपालिकाको विपद् व्यवस्थापन सम्बन्धी रणनीति देहाय अनुसार अवलम्बन गरिनेछ :

१. नगरपालिका भित्र प्रकोपका जोखिमहरु न्यूनीकरण गर्नका लागि आवश्यक पर्ने सूचना र प्रविधिको प्रयोग विभिन्न सरकारी र गैरसरकारी संघ संस्थाको सहकार्यमा गरिने ।

२. प्रकोप पिडितहरुलाई समयमा नै राहत र उद्धारका कार्यहरु परिचालनका लागि सरकारी, गैरसरकारी र नीजिक्षेत्रको सहकार्यलाई सुदृढ पारिने ।

३. विकास निर्माण सम्बन्धी कार्यहरुमा वातावरणमैत्री प्रणालीको प्रयोग तथा विकासमा जोड दिने ।

## ९. विपद् व्यवस्थापनको कार्य नीतिहरु

**तारकेश्वर** नगरपालिकामा विपद् व्यवस्थापनमा देहाय बमोजिमका कार्य नीतिहरु अवलम्बन गरिनेछ :

१. प्राकृतिक प्रकोपमा परेकाहरुको उद्धार र राहत कार्य गर्दा यस कार्यसंग संवद्ध नगर तथा जिल्ला तहका अन्य निकायहरुसंग समन्वय राखेर गर्ने व्यवस्था सुदृढ गरिनेछ ।

२. प्राकृतिक प्रकोप सम्बन्धी कार्यहरु संचालन गर्दा नगर क्षेत्रमा भएका विभिन्न निकाय र अन्य स्थानीय निकायका सक्षम र दक्ष जनशक्तिको प्रयोग गरी सरोकारवाला र नागरिक समाज समेतको सकृय सहयोग अवलम्बन गरिनेछ ।

३. प्राकृतिक प्रकोपमा परेकाको उद्धार कार्य र राहत वितरण गर्दा नगर क्षेत्रमा भएका स्काउट र अन्य संघसंस्थाका स्वयंसेवकहरुको समेत परिचालनमा जोड दिइनेछ ।

४. प्रकोपबाट पिडितहरुलाई राहत, उद्धार र पुनःर्स्थापना जस्ता कार्य सम्पादन गर्नु पर्दा नगर तथा जिल्लास्तरमा रहेका सरकारी, गैरसरकारी र नीजिक्षेत्र समेतको सहकार्यलाई बढी सुदृढ गर्न नगरस्तरीय संयन्त्रको विकास गरिनेछ ।

५. प्राकृतिक प्रकोप उद्धारका निम्ति सामग्री र नगद जुटाउन सामाजिक संघसंस्था र दातृ निकायहरुको समेत सहयोग परिचालन गर्न आवश्यक प्रक्रिया अवलम्बन गरिनेछ ।

६. भू-क्षय, पहिरो, बाढी, र नदी नियन्त्रण गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि नगर तथा

जिल्लास्तरीय संयन्त्रको सहयोग लिने प्रयास अवलम्बन गरिनेछ
।

७. विपद्का शिर्षकमा विनियोजन भएको रकम कुनै पनि अवस्थामा अन्य शिर्षकमा खर्च नगर्ने नीति अवलम्बन गरिनेछ
।

८. प्राकृतिक प्रकोपमा परेकाहरुलाई सहयोग उपलब्ध गराउँदा भरसक नगदमा भन्दा सामग्री नै उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

९. प्राकृतिक प्रकोपबाट सवैभन्दा बढी जोखिममा परेका र अति विपन्न वर्गहरुलाई पहिलो प्राथमिकता दिई उद्धार कार्य परिचालन गर्ने र राहत सामग्री उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।

१०. विपद्को अत्यधिक जोखिम रहेका क्षेत्रहरुको पहिचान गरी नक्सांकन गर्ने कार्यलाई अगाडि बढाउन प्रकोप पूर्वको कार्य तयारीलाई प्रश्रय दिइनेछ ।

## १०. विपद् व्यवस्थापनको चक्र

भूकम्प, बाढी, पहिरो, आगजनि जस्तो प्रकोपहरुबाट वर्षेनी धन जनको ठूलो क्षति बेहोर्नु परिरहेको छ । अझ भूकम्पीय जोखिम क्षेत्रमा परेको हाम्रो देशमा भूकम्प लगायत अन्य प्राकृतिक प्रकोप

न्यूनीकरणको लागि यथेष्ट र भरपर्दो व्यवस्था गर्न सकिएको छैन । विपद् व्यवस्थापनलाई व्यस्थित रुपमा परिचालन गर्नका लागि यसको प्रक्रियाका सन्दर्भमा लाग्नु भन्दा अगाडी यसको प्रक्रियागत चक्रका विषयमा थप प्रष्ट हुनका लागि विपद् व्यवस्थापनको चक्र देहाय बमोजिम उल्लेख गरिएको छ :

**क. उद्धार /राहत**

अ)उद्धार

घटना घटेको जानकारी प्राप्त हुनासाथ उद्धारका लागि तयार हुने, घटनास्थलमा उद्धार सामाग्री र उद्धार कर्ता पुर्‍याउने, घटनाको र घटनास्थलको वास्तविक सूचना शिघ्र उपलब्ध गराउने, बचाउन सकिने मान्छेको खोजी गर्ने, बचाउन सकिने धन सम्पतिको बचाउ गर्ने, असुरक्षित क्षेत्रबाट मानिसहरुलाई सुरक्षित क्षेत्रतर्फ लैजाने र आकश्मि सहयोगहरु जुटाउने कार्य यस अन्तरगत पर्दछन् । यो नै प्रारम्भमा गरिने कार्य उद्धार हो ।

आ) राहत

**क्षतिको प्रकृति अनुसार तत्काल व्यवस्थापनकका लागि निम्न वमोजिम उल्लेखित राहत रकम उपलब्ध गराएने छ।**

| क्र. न | क्षति | | प्रकोप | |
|---|---|---|---|---|
| | | | भु-क्षय,बाढि पहिरो,हुरीबतास,भल बाढी | |
| १ | मानविय | मृत्यु | रु ५०,०००।- | |
| | | घाईते | रु ३,०००।- -रु २५,०००।- | |
| २ | घर | पक्की | पूर्ण क्षति रु २५,०००।- | आम्सिक क्षति रु ३,०००।- - १५,०००।- |
| | | कच्ची | पूर्ण क्षति रु २०,०००।- | आम्सिक क्षति रु ३,०००।- - १०,०००।- |
| ३ | टहरो | पक्की | पूर्ण क्षति रु १०,०००।- | आम्सिक क्षति रु २,०००।- - रु ७,०००।- |
| | | कच्ची | पूर्ण क्षति रु ७,०००।- | आम्सिक क्षति रु २,०००।- - रु ५०००।- |
| ४ | गोठ | पक्की | पूर्ण क्षति रु ७,०००।- | आम्सिक क्षति रु २,०००।- - रु५,०००।- |

| | | | | |
|---|---|---|---|---|
| | | कच्ची | पूर्ण क्षति रु ५,०००।- | आम्सिक क्षति रु २,०००।- - रु ३,०००।- |
| ५ | गाईवस्तु | गाई/भैसी | मृत्यु भएमा प्रति रु ३,०००।- - ५,०००।- | |
| | | बाख्रा | मृत्यु भएमा प्रति रु १,०००।- - २,०००।- | |
| ६ | कुखुरा हाँस | चल्ला र ठुलो सबै | क्षतिको एकिन गरि १,०००।- - १०,०००।- | |
| ७ | बाली तरकारी | बाली | नाश भएमा प्रकृती र परिमाण हेरी रु १,०००।- ५,०००।- | |
| | | तरकारी | नाश भएमा प्रकृती र परिमाण हेरी रु १,०००।- ५,०००।- | |
| ८ | सडक यातायात | | मेसिन प्रयोग गरि तुरुन्त सुचारु हुने भए सुचारु गर्ने अन्यथा नगरपालिकालाई मर्मत गर्न सिफासि गर्ने। | |
| | क्षति | | आगलागी | |
| ९ | घर,गोठ,टहरो | | पूर्ण क्षति २०,०००।- | आम्सिक क्षति २,०००।- - १५,००० |
| वस्ती विस्थापन | | | | |
| १० | घर,गोठ,टहरो | | विस्थापन गर्ने र गरिसकेको भए के - कस्तो सहयोग अथवा राहत दिन सकिन्छ यस समितिको बैठक बसि निर्णय गर्ने र थप नगरपालिकालाई सिफारिस गर्ने। | |

## ख. पुनर्स्थापना

विपद्बाट मानिसमा परेको प्रभावको मूल्यांकन गर्ने, प्रभावित नागरिकहरुलाई तत्काल आपतकालिन सहयोग प्रदान गर्ने र पूर्वबत अवस्थामा पुर्याउन आर्थिक सहयोग गर्ने, सरसल्लाह दिने र हौसला बढाउने, पुनस्थापना योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने जस्ता कार्यहरु यसमा पर्दछन् । दोस्रो चरणमा गरिने यो नै पुनर्स्थापनाको कार्य हो ।

## ग. पुनर्निमाण

नोक्सान भएका भौतिक संरचनाको विवरण संकलन गर्ने, घर मन्दिर, पूल पुलेसा, कल्भर्ट खानेपानी, पाठशाला, शौचालय, विजुली बत्ति आदिको निर्माणमा लगानी गर्ने, विग्रियका सवै सेवाहरुको पुनः सञ्चालन गर्ने कार्य यस यस अन्तरगत पर्दछन् । विपद् व्यवस्थापन चक्रको यो नै तेस्रो चरण हो ।

## घ. पीडा साम्य

विपद् पूर्व र पछि मानिसमा पर्न सक्ने र पर्ने शारीरिक, मानसिक,र प्राकृतिक पीडा कम गर्न वा साम्य पार्न गरिने कार्य पीडा साम्य हो । यसमा कुनै घटना घटनु अघि जनचेतना जागृत गराउने खालका

कार्य गर्नु, सम्भावित खतराहरुबाट बच्नका लागि आवश्यक कार्य गर्नु र घटि सकेपछि सान्त्वना दिन र पिडालाई विर्साउनका लागि गरिने विविध कार्यहरु यति वेला गरिन्छन् । यो नै चौथो चरणको कार्य हो । यसले पछि घटन सक्ने घटनाहरुलाई रोकथाम गर्नमा ठूलो सहयोग गर्दछ ।

## ङ. पूर्व तयारी

भविष्यमा घटन सक्ने घटनावाट सजक भएर हुन सक्ने क्षति कम गर्न, उद्धारकार्यलाई व्यवस्थित रुपमा तयार पार्ने, उद्धार सामाग्रीहरुको संग्रह गर्ने, सवै क्षेत्रको सामुहिक सहयोग परिचालन गर्न, सूचना आदान प्रदान गर्ने, जाली बनाउने, पूर्व सूचना दिन सक्ने संयन्त्रको भरपर्दो रुपमा विकास गर्ने, कमजोर तथा संवेदनशील स्थान तथा क्षेत्रहरुको विशेष निगरानी राख्ने काम यस अवस्थामा गरिन्छ । यो नै अन्तिम र पाँचौ चरणको कार्य हो । यसकै आधामा उद्धार कार्यलाई व्यवस्थित र भरपर्दो बनाउन सकिन्छ । यसरी विपद् व्यवस्थापनको निश्चित प्रक्रिया रहेका छन् । घटना र अवस्थाका कारणहरुबाट सवै प्रक्रिया एकै हिसावले परिचालन नहुन पनि सक्दछन् । तर यसलाई नै मूल आधार मानी विपद् व्यवस्थापन चक्र भने परिचालन हुने गर्दछ । तसर्थ योजना कार्यान्वयन गर्दा यसलाई विशेष ध्यान दिनु अति आवश्यक पर्दछ ।

## च. अनुसुची

अनुसुची- १

- घटनाको सर्जमिन वडां प्रतिनिधिको ज्युको रहोबरमा।

अनुसुची-२

- आवश्यक परेको ठाँउमा प्रहरी मुचुल्का।

अनुसुची-३

- सम्बधित वडाको सिफारिस।

अनुसुची-४

- भैतिक क्षति भएमा प्राविधकको फिल्ड प्रतिवेदन।

अनुसुची-५

- घाईते भएको खण्डमा अस्पतालको र डाक्टरको रिर्पोट सहित उपचार खर्चको बिल ।

## ११. कार्यक्रमहरु

विपद्  व्यवस्थापन अन्तरगत निम्नानुसारका कार्यक्रमहरु रहने छन् :

१. नगरस्तरीय रणनीतिको तर्जूमा र कार्यान्वयन

२. सचेतना कार्यक्रम संचालन,

३. विपद् व्यवस्थापनको क्षमता अभिबुद्धि कार्यक्रम

४. विपद् पिडितहरुलाई उद्धार,राहत र पुन:स्थपनाको पूर्व तयारी,

५. उद्धार तथा राहत कार्यक्रमको अध्ययन, अनुसन्धान तथा विष्लेषणको कार्यक्रम,

६. प्रकोप रोकथाम

७. प्रकोप न्यूनिकरण,

८. जनचेतना जगाउने कार्य , र

९. अध्ययन तथा अनुशन्धान ।

## १२. पूर्व तयारी सम्बन्धी कार्यक्रमहरु

नगरपालिकाले विपद् व्यवस्थापनका लागि देहायका पूर्व तयारीका कार्यक्रमहरु संचालन गर्ने छ ।

### (क) संगठनात्मक व्यवस्था

**तारकेश्वर** नगरपालिकाले विपद्  व्यवस्थापनका लागि कार्यालयमा त्यस सम्बन्धी कार्य हेर्ने छुट्टै इकाई वा शाखाको व्यवस्था गर्नेछ । छुट्टै इकाई वा शाखाको स्थापना नहुँदा सम्म नगरपालिकाले कुनै एउटा शाखा वा इकाईलाई विपद्  व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि फोकल शाखा तोक्नु पर्नेछ ।

**(ख) जनशक्तिको व्यवस्था**

शाखा वा इकाईको व्यवस्था भएपछि सो कार्य गर्नका लागि योग्य जनशक्तिको व्यवस्था गरिनुपर्दछ । यस किसिमको कार्यसम्पादन गर्नका लागि नगरपालिका स्वयं वा अन्य स्थानीय निकायसँग मिलेर विशेष टोली गठन गरी तालिमको व्यवस्थासहित आवश्यक साधन तथा औजारहरुको व्यवस्था मिलाइनु पर्दछ ।

**(ग) आवश्यक बजेटको व्यवस्था**

नगरपालिकाले विनियोजन गरेको बजेटका साथै अन्य स्रोतबाट पनि रकम संकलन गरी राख्ने व्यवस्था गर्नु पर्दछ । प्रकोप जुनसुकै बेलामा पनि घटन सक्ने हुँदा सदैव बजेट विनियोजन हुन सक्ने अबस्थामा रही रहनु पर्दछ ।

**(घ) साधनको व्यवस्था**

प्रारम्भिक साधनहरुको व्यवस्था कार्यालयमा तयारी हालतमा राखी राख्नु पर्दछ । जुनसुकै बेलामा प्रयोगमा लैजान सक्ने गरी कार्यालयमा भण्डारनको व्यवस्था हुनु अति आवश्यक छ ।

**(ङ) जोखिम स्थानको पहिचान**

कार्यालयले नगरपालिकाक्षेत्र भित्र जोखिम स्थानहरुको पहिचान गर्नु पर्दछ । यसका लागि अद्यावधिक विवरण तथा भविष्यमा घट्न सक्ने घटनाको सम्भावित क्षमताका बारेमा जानकारी पनि राख्नु पर्दछ ।

**(च) अध्ययन विश्लेषण**

विपद् सम्बन्धी घटनाहरुको अध्ययन तथा विश्लेषण जस्ता कार्यहरु पनि नगरपालिकाले गर्नु पर्दछ । जसले गर्दा नगरवासीहरुले आवश्यक जानकारी प्राप्त गरी त्यस किसिमका घटनाबाट सचेत र सजग रहन सक्दछन् ।

**(छ) जनचेतना अभिबृद्धि एवं प्रशिक्षण कार्यकम**

स्थानीय तहमा प्रकोपबाट बँच्नका लागि विभिन्न प्रकारका जनचेतना सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ । विभिन्न संघ संस्थाहरुको सहयोगमा पनि यस प्रकारमा अभिमुखिकरण गोष्ठि, तालिम आदिको व्यवस्था गर्न सकिनेछ । प्रकोपबाट बच्नका लागि स्थानीय जनताहरुलाई प्रशिक्षण जस्ता कार्यक्रमहरु संचालन गर्दा महिला, बालबालिका र प्रौढहरुलाई समेत सहभागी गराउनु पर्दछ । यसै गरी नगरक्षेत्र भित्रका विद्यालयहरुमा पनि विपद् व्यवस्थापन र त्यसबाट बच्न सक्ने वा जोगिन सकिने विषयहरुको ज्ञान दिलाउनु पर्दछ ।

## १३. प्रकोप व्यवस्थापनको वर्गीकरण

विपद्  व्यवस्थापनको चक्रलाई हेर्दा खासगरी यसका कार्यहरुलाई दुई भागमा विभाजन गर्न सकिन्छ  :

**क) प्रकोप अगाडि गरिने कार्यहरु :**

१. संभावित घटनाका वारेमा पूर्व सूचना एवं जानकारी प्राप्त गर्नु,

२. त्यसबाट प्रभावित हुन सक्ने संभावित जनसमुदायहरुलाई पूर्व जानकारी दिनु,

३. पूर्व रोकथामका संभाव्य उपायहरु पत्तालगाउनु,

४. संभाव्य जोखिमबाट बच्ने उपाय सम्बन्धमा सर्वसाधारणहरुलाई प्रशिक्षण दिनु,

५. व्यवस्थापन गर्ने कार्यको लागि आवश्यक कानूनी र नीतिगत व्यवस्था गर्नु,

६. संगठनात्मक संयन्त्रको व्यवस्था गर्नु,

७. रोकथाम, नियन्त्रण र राहत लगायतका विषयहरुमा योजनाबद्ध व्यवस्था गर्नु,

८. स्रोत साधन र जनशक्तिको व्यवस्था गर्नु,

९. उद्धार दलमा सम्लग्न हुने व्यक्तिलाई तालिम र प्रशिक्षण दिनु

## ख) प्रकोप पश्चात् गर्नुपर्ने कार्यहरु

१. खोजतलास, औषधी उपचार तथा उद्धार सम्बन्धी कार्यहरु,
२. सडक, राजमार्ग, हवाईमार्ग आदिको क्षति तुरुन्त हटाई यातायात सुचारु गर्नु,
३. खाद्यान्न एवं पानीको व्यवस्थाका साथै संचार एवं विद्युत सेवा सुचारु गर्ने,
४. बसोवास एवं लत्ता कपडाको व्यवस्था मिलाउने,
५. आपतकालीन आर्थिक सहयोग प्रदान गर्ने,
६. विपद् मा परेका व्यक्तिलाई सल्लाह सुझाव र सान्त्वना प्रदान गरी आत्मबल बलियो बनाउने,
७. अल्पकालीन पुननिर्माण शुरु र दीर्घकालीन पुननिर्माणका लागि योजनाबद्ध प्रयासहरु थाल्ने,
८. पुननिर्माण र पुनसंरचना कार्य सम्पन्न गर्ने आदि ।,

## १४. नगरपालिकाको दायित्व

विपद् उद्धार योजनाका लागि **तारकेश्वर** नगरपालिकाको प्रमुख दायित्व देहायअनुसार हुनेछ :

१. नगर भित्रको सम्भावित खतरा र उद्धार गर्नु पर्नेको स्थिति विवरण तयारी गर्ने,

२. नगरपालिकाको विपद्  गुरुयोजनाको तयारी तथा अद्यावधिक गर्ने,

३. निम्न विवरण सहितको  वार्षिक योजना तयार गरी नगरपरिषदबाट स्वीकृत गर्ने :

क) तत्काल उद्धार कार्य आवश्यक भएका स्थानहरुको विवरण,

ख) कार्यको प्रकार र कार्यको प्राथमिकता,

ग) कार्यको डिजाइन तथा लागत अनुमान,

घ) कर्मचारीहरुको विस्तृत विवरण सहितको जानकारी,

ङ) उपलब्ध भौतिक सेवा तथा सुविधा र प्राविधिक श्रोतको जानकारी,

च) प्राथमिकिकरण अनुमानित तालिका तथा उद्धार कार्य योजना ।

## १५. विभिन्न निकायहरुको भुमिका

विपद् व्यवस्थापन कार्यको नगरपालिका भित्रमा निम्न निकायहरुको समेत भूमिका रहनेछ  :

- जिल्ला समन्वय समिति
- जिल्ला प्रशासन कार्यालय
- नेपाल प्रहरी, सशस्त्र प्रहरी,
- नेपाली सेना,
- नगरपालिकासँग सिमाना जोडिएका अन्य स्थानिय निकाए
- जिल्लास्तरीय विपद् उद्धार समिति
- नेपाल रेडक्रस सोसाइटी

- गैर सरकारी संस्थाहरु
- अन्य सरोकारवाला निकायहरु ।

## परिच्छेद ३

## कार्यान्वयन व्यवस्थापन

**१६. कार्यान्वयन व्यवस्थापन**

१. विपद् घटनाको अवस्था हेरी उपभोक्ता समिति वा ठेक्कापट्टा वा नगरपालिकाले सोभै कामदार मार्फत उद्धारको कार्य गर्ने व्यवस्था मिलाउने छ ।

२. कुन काम कसरी गर्ने गराउने भन्ने विषयमा अवस्था हेरी समितिले तय गरे बमोजिम हुनेछ । तर यस किसिमको कार्य गर्नका लागि नगरपालिकाको पूर्व स्वीकृती भने लिनु पर्नेछ ।

३. **तारकेश्वर** नगरपालिकामा विपद् उद्धार कार्य व्यवस्थित रुपमा कार्यान्वयन गर्न तथा कोष व्यवस्थापन गर्नका लागि देहाय बमोजिमका पदाधिकारीहरु संयोजक तथा सदस्य रहने गरी एक समितिको गठन गरिनेछ ।

(क) विपद् व्यवस्थापन समितिको-संयोजक

(ख) महिला वडा सदस्य - सदस्य

(ग) वडा सदस्य - सदस्य

(घ) वडा सदस्य - सदस्य

(ङ) वडा सदस्य - सदस्य

(च)नगरपालिका कर्मचारी - सदस्य सचिव

४. यस कार्यबिधि बमोजिम गठित समितिको नियमित वैठकमा कामसंग सम्बन्धित कुनै पनि व्यक्ति वा संस्थाको प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

५. आमन्त्रित पदाधिकारी वा व्यक्तिको मताधिकार हुने छैन ।

६. आमन्त्रित पदाधिकारीले पनि वैठकमा उपस्थित भए वापत अन्य पदाधिकारीले पाए सरहको भत्ता तथा अन्य सुविधा पाउनेछ ।

७. नगर सभा तथा कार्यपालिका सदस्य आमन्त्रित सदस्य रहन सक्ने तथा सम्बधित वडा अधक्ष्यहरुलाई अथवा विषयगत शाखा प्रमुखहरुलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ।

८. नगर भित्र पर्न गएको विपद्लाई तत्कालै अनुबोदन गर्न परेमा नगर प्रमुख ज्युको तोक आदेसकोले आवश्यक काम कार्यवाय अगाडी बढाई पछि उक्त निणर्यलाई यस समितिले बैठक बसि अनुमोदन गर्ने।

## १७. समितिको बैठक

१. समितिको बैठक कम्तीमा बर्षको दुई पटक र आवश्यक परेमा जुनसुकै बखत पनि बस्न सक्नेछ ।

२. समितिको बैठक संयोजकसंग परामर्श गरी सदस्य-सचिवले बोलाउनेछ ।

३. संयोजक को अनुपस्थितिमा वैठक वस्न नसक्ने अवस्था भएमा कार्यकारी अधिकृतको समन्वयमा पनि वैठक वसी आवश्यक निर्णय लिन सकिनेछ । तर यस किसिमको वैठकवाट भएको निर्णयहरुलाई पछिल्लो वैठकमा जानकारीका लागि सदस्य सचिवले पेश गर्नु पर्नेछ ।

**१८. समितिको काम, कर्तव्य र अधिकार** :

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) ऐन र नियमावली अनुसार कोषको खातामा जम्मा गर्नु पर्ने रकम समयमा नै जम्मा गर्ने व्यवस्था मिलाउने ।

(ख) कोषको लागि वार्षिक रुपमा आवश्यक पर्ने, यसबाट आर्जन हुने र खर्च हुने रकमको कार्य योजना बनाई कार्यान्वयन गर्ने ।

(ग) कोषको आय-व्यय सम्बन्धी हर हिसाबको लेखापरीक्षण गराई सोको लेखापरीक्षण प्रतिवेदन नगरपालिका मार्फत परिषद्मा पेश गर्ने ।

(घ) सचिवालय सञ्चालन गर्न आवश्यक पर्ने कर्मचारीहरू लगायत खर्चको व्यवस्था नगरपालिका कार्यालयबाटै मिलाउने व्यवस्था गर्ने ।

(ङ) प्रत्येक महिनामा कोषमा जम्मा भएको तथा खर्च भएको रकमको यथार्थ विवरण सार्वजनिक गर्ने/गराउने ।

(च) समितिमा आवश्यक रकम जुटाउने तर्फ आवश्यक पहल गर्ने ।

(छ) विकास साझेदार तथा विभिन्न सरकारी तथा अर्ध सरकारी निकायहरुसंग नगरपालिकाको सहमतिमा कार्यक्रमहरु उपलब्ध गराउने तर्फ आवश्यक पहल  गर्ने ।

(ज) विपद्बाट क्षति भई मर्मत सम्भारका लागि आवश्यक पर्ने कार्य तथा बाटो पूल, पूलेसा र सडकको विवरण संकलन गर्ने ।

(झ) श्रोतको व्यवस्थापन गर्ने ।

## १९. समितिले ध्यान दिनु पर्ने कुराहरु

समितिले निम्न कुराहरुलाई विशेष ध्यान दिनु पर्नेछ :

क) विपद् व्यवस्थापन कार्यक्रममा सरकारी तथा गैरसरकारी कार्यालयहरुका साथै सामाजिक संघ संस्थाहरुको भूमिका निर्धारण,

ख) प्रकोप व्यवस्थापनका लागि दक्ष जनशक्तिको व्यवस्थापन र उत्पादन,

ग) प्रकोपमा पर्ने क्षेत्रका बासिन्दाहरुलाई पूर्व जानकारी तथा चेतावनी,

घ) प्रकोप पिडितहरुको उद्धार तथा राहतका लागि सामाग्रीको व्यवस्था,

ङ) जनचेतना अभिबृद्धि गराउने कार्यक्रमको नियमित कार्यान्वयन,

च) तथ्यांक संकलन र कार्यान्वयन,

छ) प्रकोपबाट पिडित हुन सक्ने वासिन्दाहरुको समयमा नै सुरक्षित स्थानमा स्थानानतरण,

ज) प्राकृतिक प्रकोप उद्धार तथा राहतका लागि व्यवस्थापकीय क्षमताको विकास, अध्ययन अनसन्धान तथा सर्वेक्षणको व्यवस्था,

झ) प्रकोपको घटना घटेको स्थान सम्म सार्वजनिक यातायातको व्यवस्थापन,

ञ) प्रकोप व्यवस्थापन कार्यको रेखदेख, अनुगमन तथा मूल्यांकन,

ट) व्यवस्थापन कोष तथा कार्यक्रमका लागि आवश्यक रकमको व्यवस्था,

ठ) प्रचार प्रसार र सूचना संकलन ।

## २०. समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः

समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

### (क) संयोजकको काम, कर्तव्य र अधिकार :

१. समितिको बैठकको अध्यक्षता गर्ने ।

२. कोषको सम्पूर्ण गतिविधिको नेतृत्व गर्ने ।

३. कोष सम्बन्धी सम्पूर्ण उत्तरदायित्व बहन गर्ने ।

४. समितिबाट पारित वार्षिक कार्यक्रम तथा आय व्ययको विवरण प्रस्तावित बजेटमा समावेश गरी नगर परिषदमा पेश गर्ने व्यवस्था मिलाउने ।

५. कार्यक्रमहरुको विवरण समयमा नै संकलन गरि राख्ने व्यवस्था मिलाउने ।

**(ख) सदस्यको काम, कर्तव्य र अधिकारः**

१. समितिको बैठकमा नियमित रूपमा भाग लिने ।

२. निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।

३. कोषको प्रवर्द्धन र कार्यक्रमको हित हुने कार्य प्रस्ताव गर्ने ।

४. संयोजकको निर्देशन अनुसार अन्य आवश्यक कार्य गर्ने, गराउने ।

**(ग) सदस्य-सचिवको काम, कर्तव्य र अधिकारः**

१. कोषको कार्यालय सञ्चालन गर्ने ।

२. बैठकको निर्णय अभिलेख गरी राख्ने ।

३. बैठकको निर्णय कार्यान्वयन गर्ने ।

४. संयोजकको निर्देशन अनुसार कार्य सञ्चालन गर्ने, गराउने ।

५. कोषको सञ्चालन सम्बन्धी श्रेस्ता तथा चल अचल सम्पत्तिको जिम्मा लेखांकन गर्ने ।

६. वार्षिक आर्थिक प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन समितिमा पेश गर्ने ।

## परिच्छेद-४

## कोष ब्यबस्थापन सम्बन्धी व्यवस्था

**२१. कोषको स्थापना र खाताको व्यवस्था** :

१. स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६ (१) (ञ) ७ बमोजिमको प्रयोजनका लागि स्थानीय निकाय (आर्थिक प्रशासन)

नियमावली, २०६४ को नियम ३३ (क) बमोजिम एक विपद् व्यवस्थापन विशेष कोष स्थापना गरिनेछ ।

२. दफा १ बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :

(क) विपद् व्यवस्थापन कोषका लागि हालसम्म छुट्याईएको सम्पूर्ण रकम,

(ख) प्रत्येक आर्थिक वर्षमा नगर परिषद्ले आफ्नो कोषमा जम्मा भएको आन्तरिक आयवाट विनियोजन गरेको रकम,

(ग) कुनै व्यक्ति, संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(घ) नगर परिषद्को स्वीकृतिमा प्राप्त अन्य रकम,

(ङ) नेपाल सरकारबाट विनियोजित रकम,

(च) जिल्ला समन्वय समिति, नगरपालिकासँग सिमा जोडिएका स्थानिय निकाय वा अन्य श्रोतबाट प्राप्त रकम,

(छ) नेपाल सरकारबाट स्वीकृति प्राप्त भए बमोजिम वैदेशिक श्रोतबाट प्राप्त रकम,

(च) अन्य विविध श्रोतबाट प्राप्त रकम ।

३. समितिको निर्णयवाट तोकिएको बैकमा “विपद् उद्धार विशेष कोष” नामको एक खाता खोली आर्थिक कारोबार सञ्चालन गरिनेछ ।

**२२. कोषको प्रयोग** :

कोषको रकम देहाय बमोजिमको कामको लागि प्रयोग गर्न सकिनेछ :

क) नियमित रुपमा पिडितहरुको व्यवस्थापनको कार्य गर्न गराउन,

ख) निरिक्षण अनुगमन तथा समितिको वैठकमा बैठक भत्ता वितरण गर्न,

ग) प्राकृतिक प्रकोप व्यवस्थापन प्रति सकारात्मक धारणा, सम्मान, मर्यादा र दायित्व, वोधबारे जनचेतना अभिवृद्धि गराउन,

घ) प्रकोप व्यवस्थापन काम गर्ने संस्थाहरु बीच समन्वय र कार्यमा स्तरीयता ल्याउन निरन्तर सुपरिवेक्षण र अनुगमन गर्न,

ङ) सामाजिक सचेतना तथा सहभागितामूलक कार्यक्रम संचालन गर्न,

च) प्राकृतिक विपत्तिमा परेकाहरुको उद्धार र राहत प्रदान गर्न,

छ) प्राकृतिक प्रकोपमा परेका जनताको उद्धार र राहतका निम्ति प्राथमिक तहका सामाग्रीहरुको व्यवस्था गरी वितरण गर्न,

ज) तत्काल प्रकोपमा पर्ने सम्भावना भएका क्षेत्रका जनतालाई सचेत गराउन,

झ) तत्काल खतराको सम्भावना भएको क्षेत्रबाट जनतालाई सुरक्षित स्थानमा सर्न,

ञ) प्रकोपबाट क्षेतिग्रस्त संरचना र विकासका पूर्वाधारहरुको पुनर्निमाण र मर्मत सम्भार गर्न ।

**२३. नपुग रकमको व्यवस्थाः**

रकम अभाव भई संचालित कार्यक्रमहरुमा प्रत्यक्ष असर पर्ने अवस्था भएमा व्यवस्थापन समितिले औचित्यता हेरी नपुग रकमका लागि नगरपालिकामा आवश्यक व्यवस्थाका लागि प्रविधिकको सिफारिश सहित पेश गर्नु पर्नेछ ।

**२४. अनुमानित खर्चको प्रस्तावित विवरण पेश गर्ने :**

आगामी आर्थिक वर्षमा प्रकोप व्यवस्थापन कोषका लागि आवश्यक पर्ने रकमको व्यवस्था मिलाउन नगर परिषद्मा वजेट प्रस्तुत गर्दा नै कार्यक्रम सहितको अनुमानित खर्चको प्रस्तावित विवरण पेश गर्नु पर्नेछ ।

**२५. श्रेस्ता राख्नेः**

१. कार्यालयले कोषको आय र व्ययको श्रेस्ता तोकिए बमोजिम राख्नु पर्नेछ ।

२. समितिले प्रशासनिक खर्च नगर परिषदवाट तोकिएको प्रतिशत भन्दा बढी गर्न पाउने छैन ।

३. परिषद्बाट उपलब्ध गराउने रकम तोकिएको क्षेत्र वाहेक अन्यत्र खर्चगर्न पाइने छैन ।

**२६. बैठक भत्ता :**

समितिका पदाधिकारीहरुले बैठकमा भाग लिए वापत नगर परिषद्बाट तोकिए बमोजिमको बैठक भत्ता पाउने छन् ।

**२७. खाता सञ्चालन :**

कोषको खाता सञ्चालन तारकेश्वर नगरपालिका कार्यकारी अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट गरिनेछ ।

**२८. लेखापरीक्षणः**

१. प्रकोप व्यवस्थापन कोषबाट भएको आय व्ययको आन्तरिक लेखा परीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट गरिनेछ भने अन्तिम लेखा परीक्षण लेखा समितिको सिफारिसमा नगर परिषद्बाट छनौट भएमा दर्तावाल लेखापरीक्षकबाट गराउनु पर्नेछ ।

२. अन्तिम लेखापरीक्षण हुँदा तयार गरिएको आर्थिक विवरण सहितको अन्तिम लेखापरीक्षण प्रतिवेदन प्रमुखले लेखा समितिमा पठाउनु पर्नेछ ।

## परिच्छेद–५

## विविध

**२९. अनुगमन तथा मूल्यांकन**

नगरपालिकाको विपद्  व्यवस्थापन निर्देशिका  बमोजिम संचालन गरिएका कार्यक्रमको अनुगमन तथा मूल्यांकन देहाय अनुसार गरिनेछ :

(क) नगरपालिकाको कार्यालयले यस कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा अनुगमन, निरीक्षण तथा मूल्यांकन गर्दा बुदा नं १५ (३) बमोजिम गठित समितिसंग समन्वय गरी गर्नेछ ।

(ख) कार्यक्रमको अन्तिम किस्ता रकम अनुगमन तथा मूल्यांकनका आधारमा दिइनेछ ।

(ग) अनुगमन तथा मूल्यांकनका आधारमा कार्यक्रमहरुको जांचपास तथा फरफारक गरिनेछ ।

(घ) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी खर्चको व्यवस्था नगरपालिकाको कार्यालयले मिलाउनु पर्नेछ ।

(च) उपभोक्ता समितिहरुबाट हुने उद्धार सम्बन्धी कार्यको अनुगमन गर्दा विल भरपाई लगायत विवरण संकलन काममा संलग्न व्यक्तिहरुको हाजिरी तथा कार्यरत रहने समय र स्थानका विषयमा पनि हेर्नुपर्दछ ।

## ३०. रकम निकासा हुने अवस्था

विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम संचालन हुँदा रकम निकासा हुने अवस्था देहाय अनुसार हुनेछ :

क) कार्यक्रम स्वीकृति भएपछि विधिवत रुपमा उपभोक्ता समिति गठन गर्नु पर्नेछ,

ख) कार्यक्रमको लागत अनुमान नगरपालिकाको प्राविधिक जनशक्तिबाट गराउनु पर्नेछ,

ग) प्राविधिक जनशक्ति नहुने अवस्थामा जस्तैः उद्धार, राहत, तालिम, अनुशिक्षण आदिको लागि प्रस्तुत भएको लागत अनुमानको स्वीकृत परिधि भित्र रही संचालन गरिनु पर्नेछ,

घ) गत विगतको पेश्की बाँकी रहेका व्यक्ति वा संस्थासंग सो पेश्की फछ्र्यौट नभएसम्म कुनै संझौता गरिने छैन ।

## ३१. रकम खर्च गर्ने प्रक्रिया

उद्धार तथा राहत कार्यक्रम संचालन गर्दा प्रचलित ऐन तथा नियमहरुको पूर्णरुपमा पालना गर्नुपर्नेछ । नियमानुसारको विल भरपाईहरु पेश अनिवार्य रुपमा गर्नु पर्नेछ ।

## ३२. विवरण सार्वजनिक गर्नु पर्ने

उद्धार सम्बन्धी कार्यक्रमका लागि उपलब्ध गराएको रकमहरुको विवरण चौमासिक रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

## ३३. पुरस्कार वा प्रशंसापत्र प्रदान गर्न सक्ने

राम्रो काम गर्ने उपभोक्ता समिति तथा कर्मचारीहरुलाई **तारकेश्वर** नगरपालिकाले नगद पुरस्कार वा प्रशंसा पत्र दिन सक्नेछ ।

## ३४. जाँचपास र फरफारक

यस कार्यक्रम अन्तरगत संचालित कार्यक्रमहरु पनि सम्पन्न भएपछि समयमा नै जाँचपास गरी त्यसको फरफराक देहाय अनुसार गर्नु गराउनु पर्नेछ ।

क) यसका लागि आयोजना संचालन गर्ने निकाय, संस्था, समिति, उपसमिति, उपभोक्ता समिति वा व्यक्तिल आफूले संचालन गरेको आयोजना वा कार्यक्रम सम्पन्न भएपछि जाँचपास वा फरफारक गर्न नगरपालिकामा रहेको विपद् व्यवस्थापन समितिको सिफारिस साथ नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

ख) प्राप्त निवेदन मध्ये सडक, भवन, सिंचाई, खानेपानी, कूलो, सामुदायिक भवन, पुस्तकालय, वाचनालय, वनभोजस्थल, बाल उद्यान आदि जस्ता निर्माण प्रकृतिका आयोजना र कार्यक्रमहरुको प्रतिवेदन प्राप्त भएपछि प्रचलित नियम अनुसार नगरपालिकाले जाँचपास र फरफारक गराउनु पर्नेछ ।

ग) ज्ञान, सीप र तालिम लगायत चेतना अभिबुद्धि गर्ने प्रकृतिका आयोजनाहरु सन्दर्भमा भने तिनिहरुको भौतिक र वित्तिय प्रगनित

समेत खुल्ने गरी निवेदन प्राप्त भएपछि नगरपालिकाले सम्झौता भए अनुसार कार्य सम्पन्न भए नभएको जाँची सम्पन्न भएको भए प्रचलित प्रक्रिया अनुसार तोकिएको समय भित्र जाँचपास र फरफारक गरिदिनु पर्नेछ ।

**३५. संशोधन तथा बचाउ**

१. यस निर्देशिकामा उल्लेखित कुराहरुमा  छुट हुन गई कुनै कुरा थप घट गर्न वा हटाउन वा परिमार्जन गर्न परेमा सम्बन्धित ऐन नियमको परिधिभित्र रही नगर परिषद्ले मात्र गर्न सक्नेछ ।

२. यस निर्देशिकामा उल्लेख गरिएका कुराहरुका हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएका कुराहरुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

३. यस निर्देशिकामा लेखिएका कुराहरु प्रचलित स्थानीय स्वायत्त शासन ऐन २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र स्थानीय निकाय (आर्थिक प्रशासन) नियामावली, २०६४ सँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।